# मन्थली नगरपालिका कार्यालय

## मन्थली, रामेछाप

### बोलपत्र आव्हान सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७३/२/११**

यस कार्यालयको भवन निर्माण कार्य बोलपत्र(E-bidding) द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको ३० औं दिन कार्यालय समयभित्र बोलपत्र बापत तपसिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी) बुझाई चालु बर्षको नविकरण भएको व्यवसाय दर्ता ईजाजत पत्र, मू.अ.कर (VAT) दर्ता प्रमाणपत्र,स्थायी लेखा न.(PAN) , आ.व. ०७२।७३ का लागि मान्य हुने कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि रितपुर्वक निवेदन दिइ बोलपत्र सम्बन्धी कागजात यस कार्यालयबाट खरिद गर्न वा E-bidding गर्न चाहनेले शहरी विकास तथा भवन निर्माण विभागको website : www.edudbc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

२. खरिद गरिएको बोलपत्र फारम प्रचलित कानुन बमोजिम भरी सूचना प्रकाशित भएको मितिले ३१(औं) दिनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिला वा e -submission गर्न सकिने छ । दाखिला हुन आएका वा e-submitted बोलपत्रहरु सोही दिनको २.०० वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न वा बुझाउन सकिने छ ।

४. बोलपत्र फारम कोष तथा लेखा नियन्त्रक कार्यालय, रामेछाप र यस कार्यालयमा खरिद गर्न सकिने एवं यस कार्यालयमा मात्र दाखिला गर्न सकिनेछ ।

५. बोलपत्रसाथ यस कार्यालयको नाममा रा.वा.बैंक लि.शाखा,मन्थलीमा रहेको,धरौटी खाता नं.-१६८०३०३००३००२ मा जम्मा हुने गरी निर्माण फर्मको नामवाट तोकिएको जमानत रकम जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस दिन) म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकवाट जारी भएको सम्बन्धित ठेक्का नं र कामको विवरणसहितको सक्कलै जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्नेछ ।

६. बोलपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पप्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

७. एउटा फर्मको नामवाट खरिद गरिएको बोलपत्र फारम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।

८. बोलपत्रदाताले बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको बोलपत्र पेश गर्नु पर्नेछ ।

९. कुनै शर्त राखी पेश गरेको बोलपत्र उपर कारवाही हुने छैन ।

१०. अन्य विस्तृत विवरण Bid Document मा उल्लेख गरिएको छ ।

११. रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन साथै बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. e-submission का लागि बोलपत्र खरिद दस्तुर यस कार्यालयको नाममा रा.बा.बैंक मन्थलीमा रहेको कार्यालय कोड नं. :- २१/३६५/०४ राजश्व शिर्षक नं. :- १४२२७ (अन्य प्रशासनिक सेवा शुल्क) कार्यालय खाता नं. :- क १-१-००१,राजश्व दाखिला भौचर Electronic bid files साथै पेश गर्नु पर्ने छ ।

१३. e-bid गर्ने बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरुको (HARD COPY) ७ (सात) दिनभित्र पेश गनुपर्नेछ ।

१४. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, , स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१५. अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा सर्म्पक गर्न सकिनेछ । सर्म्पक फोन: ०४८-५४०११२ फ्याक्स नं : ०४८-५४०५३२

**१६. कामको विवरण निम्नानुसार छ ।** **बोलपत्र(E-bidding)**

| सि. नं | ठेक्का सूचना नं | कामको विवरण | आवश्यक न्यूनतम औसत बार्षिक टर्नओभर ( भ्याट वाहेक ) रु | कार्यको अनुभव ( भ्याट वाहेक ) रकम रु | जमानत रकम रु | बोलपत्र फारम दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७२/७३ | कार्यालय भवन निर्माण कार्य मन्थली | १,२५,००,०००/- (एक करोड पच्चिस लाख मात्र) | विगत १० बर्षमा न्यूनतम १,३०,००,०००।- बराबरको आर.सि.सी. फ्रेम स्ट्रक्चरल भवन निर्माण सम्वन्धी काम गरेको हुनुपर्ने छ । | ५,००,०००। | ३,०००।- |